# जिल्ला समन्वय समिति महासंघ नेपाल

**Association of District Coordination Committees of Nepal**
(ADCCN) 2075

Ref. No.:- १०-०८१-८२ Date :- ………………
२०८१।०६।०३

## प्रेस विज्ञप्ती / ध्यानाकर्षण

सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङ्गले हालै "जिल्ला समन्वय समितिको कुनै काम नभएको" भन्ने अभिव्यक्ति दिनुभएको भनि केहि सञ्चार माध्यममा प्रशारण भएका समाचार प्रति यस जिल्ला समन्वय समिति महासंघ नेपालको गम्भिर ध्यानाकर्षण भएको छ । नेपाल सरकारका जिम्मेवार मन्त्री तथा सरकारको प्रवक्ताबाटै जि.स.स. विरुद्ध यसरी गैर जिम्मेवारीपूर्ण अभिव्यक्ति दिनु गम्भिर अराजनीतिक संस्कार हो ।

नेपालको संविधानको धारा २२० (७ ग) ले जिल्लासभा/जिल्ला समन्वय समितिलाई "जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका/नगरपालिका विच समन्वय गर्ने र उक्त निकायहरुबाट गरिने विकास निर्माणको अनुगमन गर्ने" महत्वपूर्ण जिम्मेवारी सुम्पिएको स्मरण गराउन चाहन्छौं" ।

जिल्ला समन्वय समितिको साधन स्रोतमा व्यापक कटौती, कार्यक्षेत्रका भौगोलिक विकटताका बावजुद पनि देशको ७७ वटै जिल्लाका जिल्ला समन्वय समितिहरु राज्यले दिएको जिम्मेवारी पुरा गर्न हर सम्भव प्रयासरत रहेका छन् ।

जिल्लाको दर/रेट निर्धारण गर्ने, आवधिक योजनाले औंल्याएका - जिल्लाको विभिन्न मानक तयार गर्ने, SDG Indicator मा समन्वय गर्ने, विकासमा अड्चनको रुपमा रहेको प्रमुख सवाल - स्वास्थ्य, शिक्षा, सार्वजनिक पूर्वाधार, रोजगारी एवं आयवृद्धि, सूचना प्रविधि, पर्यटन, जिल्लामा रहने शरणार्थी, प्राकृतिक विपत्ति, महिला हिंसा, मानव अधिकार उल्लंघनको घटनाहरुमा निरन्तर सूचना आदान प्रदान, समन्वय र सहकार्यगत भूमिका निर्वाह गर्दै आएका छौं ।

स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका मध्ये जिल्लाको व्यवस्थापिकाको रुपमा रहेको जिल्ला सभा/जि.स.स. विरुद्ध हुने गतिविधिहरु विधिको शासन विरुद्ध हुन र यस्ता गैर जिम्मेवारपूर्ण अभिव्यक्तिहरु परस्पर सहयोग, सम्बन्ध र सहअस्तित्वका सिद्धान्त समेतका वर्खिलाप हुनेछन् ।

तीनै तहका सरकारले जिल्लाभित्र गर्ने विकास निर्माणका कार्यमा समन्वय र अनुगमनलाई समय सान्दर्भिक जाँचकीका औजारहरु (Supervisory Tools) प्रयोग गरि जिल्ला समन्वय समितिहरुले आफ्नो जिम्मेवारी अझ सशक्त एवं तिव्र रफ्तारमा अगाडी बढाउँदा केहि तत्वहरु अत्ताल्लिएर जिल्ला समन्वय समिति विरुद्ध खनिनु दुर्भाग्यपूर्ण रहेकोले यस्ता अनावश्यक टिका टिप्पणीहरुप्रति जिल्ला समन्वय समिति महासंघ नेपाल खेद प्रकट गर्दछ ।

सम्पूर्ण देशवासीमा संविधान दिवसको हार्दिक मङ्गलमय शुभकामना ।

२०८१ असोज ३ गते विहिबार ।

अशोक कुमार घिमिरे
महासचिव

राजन मेहता
अध्यक्ष

**पत्राचार ठेगाना :** बबरमहल, काठमाण्डौं, नेपाल, **फोनः** ५४५४०८१, **फ्याक्सः** ००९७७-१-५४४८४६९
**Mailing Address:–** BabarMahal, Kathmandu, Nepal, **Phone:** 5454081 **Fax:** 00977-1-5448469, **E-mail:** adccn@adccn.org.np; adccn77@gmail.com